पत्र सङ्ख्या (क.प्र. शाखा) ०७९।०८०

# चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, इलाम

१ नं. प्रदेश, नेपाल

## कर्मचारी सेवा करारमा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९।०८।११

चुलाचुली गाउँ कार्यपालिकाको मिति २०७९।०५।०७ र २०७९।०७।२१ गतेको निर्णयअनुसार तपशिलको संख्या र योग्यता भएको कर्मचारी करारमा भर्ना गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमको विवरण र यस गाउँपालिकाको राजश्व शाखामा तिरेको रसिद सहित दरखास्त फारम भरी दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| क्र. सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | कार्यक्षेत्र |
|---|---|---|---|---|---|
| १ | ०३/०७९/०८० | मेडिकल अधिकृत | अधिकृतस्तर आठौ तह | १(एक) | गाउँपालिकाको स्वास्थ्य बिमा सेवा इकाई अन्तर्गत |
| २ | ०४/०७९/०८० | कृषि स्नातक | अधिकृतस्तर छैठौ तह | १(एक) | कृषि विकास शाखा अन्तर्गत |
| ३ | ०५/०७९/०८० | हेल्थ असिष्टेन्ट | सहायक पाचौ तह | १(एक) | आधारभुत स्वास्थ्य केन्द्र वडा नं. ५ शिखरकटेरी |
| ४ | ०६/०७९/०८० | नायब पशु स्वास्थ्य प्राविधिक | सहायक चौथो तह | २(दुई) | -२ नं. वडा कार्यालय, बाहगोठे<br>-६ नं. वडा कार्यालय, दशमी बजार |

१. योग्यताः
   - क) मेडिकल अधिकृतः मान्यता प्राप्त शिक्षण संस्थाबाट एमबीबीएस वा सो सरह उपाधि प्राप्त गरेको हुनुपर्नेछ।
   - ख) कृषि स्नातकः कृषि विज्ञानतर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्नेछ ।
   - ग) हेल्थ असिष्टेन्टः मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाण पत्र तह उत्तीर्ण गरेको हुनुपर्नेछ ।
   - घ) नायव पशु स्वास्थ्य प्राविधिकः मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्युनतम एक वर्षे जे.टी.ए. पशु विज्ञान (पशु पालन/ पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि ( पशु पालन/पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सि. उत्तीर्ण गरेको हुनुपर्नेछ।

२. आवश्यक कागजातः व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, नेपालको विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाण पत्र, कार्य अनुभवको प्रमाणपत्रहरु स्वयम् उम्मेद्वारले दस्तखत गरेर प्रमाणित गरि पेश गर्नु पर्नेछ ।

३. छनौट सम्वन्धी व्यवस्थाः
   - क) मेडिकल अधिकृत, हेल्थ असिष्टेन्ट र नायब पशु स्वास्थ्य प्राविधिक पदको लागिः **चुलाचुली गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७९** बमोजिम हुनेछ ।
   - ख) कृषि स्नातक पदको लागिः **स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९** बमोजिम हुनेछ ।

४. दरखास्त दिने अन्तिम मितिः २०७९/०८/२५ गते कार्यालय समयभित्र ।

५. परिक्षा दस्तुरः
   - क) मेडिकल अधिकृतः रु २००० (दुई हजार),
   - ख) कृषि स्नातकः रु. १००० (एक हजार),
   - ग) हेल्थ असिष्टेन्ट र नायब पशु स्वास्थ्य प्राविधिकः रु ५०० (पाँच सय) ।

६. तलबः नियमानुसार ।

७. उमेरः
   - क) मेडिकल अधिकृत र कृषि स्नातक प्राविधिकः २१ बर्ष पुरा भई ३५ बर्ष (महिलाको हकमा ४० बर्ष) ननाघेको हुनुपर्नेछ ।
   - ख) हेल्थ असिष्टेन्ट र नायब पशु स्वास्थ्य प्राविधिकः १८ बर्ष पुरा भई ३५ बर्ष (महिलाको हकमा ४० बर्ष) ननाघेको हुनुपर्नेछ ।

८. परिक्षा मितिः पछि प्रकाशन गरिनेछ।

९. करार अवधिः २०८० असार मसान्त सम्म ।

१०. दरखास्त फाराम तथा अन्य थप जानकारीका लागि गाउँपालिकाको website: https://chulachulimun.gov.np मा हेर्न वा यस गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

डिल्लीराम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत